सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (PEFA) सचिवालयको त्रैमासिक प्रकाशन

# सार्वजनिक वित्तीय व्यवस्थापन समाचार

# PEFA Newsletter

A Quarterly Publication of PEFA Secretariat

२०७३ मंशीर (Dec. 2016) | वर्ष ४ | अंक १३



## पेफा निर्देशक समितिको २४ औं बैठक सम्पन्न

सार्वजनिक वित्तीय व्यवस्थापनको प्रभावकारिता र समष्टिगत सार्वजनिक खर्च व्यवस्थापनको सुधारका लागि दिशानिर्देश गर्न तथा नीतिगत निर्णय गर्न गठित पेफा निर्देशक समितिको २४ औं बैठक २०७३/०७/०३ मा समितिका अध्यक्ष अर्थ सचिव श्री शान्तराज सुवेदीको अध्यक्षतामा अर्थ मन्त्रालयमा बस्यो। यस बैठकले नेपाल सरकारको वित्तीय व्यवस्थापनमा सुधारका सम्बन्धमा निम्न निर्णयहरू लिएको छ:

- पेफा संरचनामा आधारित रही संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको नेतृत्वमा तयार भएको नेपाल सरकारको स्थानीय स्तरको पेफा मूल्यांकन प्रतिवेदन, २०१६ लाई स्वीकृत गरी कार्यान्वयनका लागि सोही मन्त्रालयमा पठाउने,
- नेपाल सरकारको दोस्रो चरणको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार रणनीति २०१६–२०२५ ले पहिचान गरेका सुधारका कार्यक्रमहरू कार्यान्वयन गर्ने सबै उपआयोजनाहरूमा राष्ट्रिय पुनःनिर्माण प्राधिकरणको वित्तीय पारदर्शिता र उत्तरदायित्व अभिबृद्धि सम्बन्धी एक उपआयोजना समेत थप गरी सबै उपआयोजनाहरूलाई समेटेर तेस्रो चरणको सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढिकरण (Strengthening Public Financial Management – III) आयोजना सञ्चालन गर्ने र सो आयोजना तयारी गर्ने प्रयोजनका लागि पेफा सचिवालयका संयोजकको संयोजकत्वमा उपआयोजना सञ्चालन गर्ने सबै निकायका प्रतिनिधि सम्मिलित कार्यदल गठन गर्ने,
- नेपाल सरकारका विभिन्न निकायमा सञ्चालित वित्तीय व्यवस्थापनसँग सम्बन्धित विभिन्न सूचना प्रणालीहरूमा एकरूपता तथा अन्तरआवद्धता गराउन एकीकृत वित्तीय व्यवस्थापन प्रणाली (Integrated Financial Management Information System – IFMIS) को सम्भाव्यता अध्ययन गर्ने सम्बन्धमा सचिवालयले तयार गरेको कार्यशर्तमा स्थापित अन्तर्राष्ट्रिय अभ्यास, प्राविधिक सम्भाव्यता, उपयोग सरलता तथा सहज पहुँच समेत स्थापित हुने गरी प्रणाली विकास गर्न कार्यशर्तमा थप परिमार्जन गरी कार्यान्वयनमा लैजाने,

- विभिन्न दातृ निकायहरूको सहयोगमा विभिन्न सरकारी निकायमा सञ्चालन हुने सार्वजनिक वित्तीय व्यवस्थापनसँग सम्बन्धित कार्यक्रमहरू सरकारबाट हाल सञ्चालित सुधारका अन्य कार्यक्रमहरूसँग दोहोरो नपर्ने गरी विद्यमान सुधार क्रियाकलापहरूको विश्लेषण (Gap analysis) गरी विस्तृत क्रियाकलापको निर्धारण गरेर पेफा सचिवालय मार्फत समन्वयात्मक रूपमा सञ्चालन गर्ने व्यवस्था गर्न सम्बद्ध निकायहरूलाई निर्देशन गर्ने र यस सम्बन्धमा आवश्यक समन्वयात्मक कार्य गर्न पेफा सचिवालयलाई निर्देशन गर्ने,
- नेपाल सरकारको राजस्व प्रणालीलाई सरलीकरण र सेवाग्राही मैत्री बनाउनका लागि विद्यमान बहु राजस्व शीर्षकबाट एकल राजस्व शीर्षक (Single Tax Code) मा परिणत गर्नको लागि विद्यमान खाता सूची (Charts of Accounts), सञ्चालन प्रणालीहरू (Software) र लेखांकन प्रणालीमा गर्नुपर्ने सुधार लगायतका पक्षमा आवश्यक अध्ययन गरी गराई कार्यान्वयनयोग्य प्रतिवेदन पेश गर्न महालेखा नियन्त्रक कार्यालय र पेफा सचिवालयलाई निर्देशन गर्ने।

## आर्थिक पत्रकारहरूका लागि क्षेत्रीयस्तरको तालीम सम्पन्न

सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालयको आयोजनामा क्षेत्रीयस्तरका पत्रकारहरूको लागि सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी तालीम मिति २०७३/२/२८ मा ललितपुरको गोदावरीमा सम्पन्न भयो। पेफा सचिवालयका संयोजक एवं सह–महालेखा नियन्त्रक श्री केवल प्रसाद भण्डारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रम महालेखा नियन्त्रक श्री राजेन्द्र प्रसाद नेपालको प्रमुख आतिथ्यमा सञ्चालन भएको थियो। कार्यक्रमको उद्घाटन सत्रमा सेजनका अध्यक्ष श्री गोकर्ण अवस्थी, पेफा सचिवालयका सदस्य सचिव भुवनप्रसाद काफ्ले र वरिष्ठ पत्रकार कुवेर चालिसेले अतिथिको रूपमा मन्तव्य व्यक्त गर्नु भएको थियो।

तालीम कार्यक्रममा सार्वजनिक वित्तीय व्यवस्थापनमा पत्रकार हरूको भूमिका सम्बन्धमा पेफा सचिवालयका संयोजक श्री केवल प्रसाद भण्डारीले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। यसैगरी सार्वजनिक वित्तीय व्यवस्थापनको संरचना, अवधारणा र प्रक्रिया सम्बन्धमा श्री बाबुराम सुवेदीले, सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्वमा पत्रकारहरूको भूमिका बिषयमा बिजनेस ब्युरो प्रमुख, राजधानी दैनिकका श्री कुवेर चालिसेले र नेपालमा प्रभावकारी बजेट निर्माण, कार्यान्वयन र नियन्त्रणमा अर्थ मन्त्रालयबाट आर्थिक सल्लाहकार श्री गोविन्द प्रसाद नेपालले कार्यपत्रहरू प्रस्तुत गर्नुभएको थियो। सो तालिम कार्यक्रम अन्तरक्रियात्मक स्वरूपमा सहभागीहरूको जिज्ञासाहरू समाधान गर्दै सञ्चालन गरिएको थियो।

## जिल्लास्तरीय पेफा अभिमुखीकरण कार्यक्रम

आ.ब. २०७२/०७३ मा हुम्ला, मुस्ताङ्ग, म्याग्दी, रामेछाप, सल्यान, रूकुम, बैतडी र दार्चुला गरी आठ जिल्लामा जिल्लास्तरीय पेफा अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। अभिमुखीकरण कार्यक्रमको मुख्य उद्देश्य स्थानीयस्तरमा वित्तीय पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्नु गराउनुको साथै सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सम्बन्धी जानकारी तल्लो तहसम्म पुऱ्याउनु र सुचना प्रवाह गर्न सहयोग गर्नु रहेको थियो। कार्यक्रममा जिल्लास्तरमा सार्वजनिक वित्तीय व्यवस्थापनमा देखिएका समस्या र नीतिगत तहबाट भई रहेका सुधारका विषयमा छलफल तथा अन्तरक्रिया हुनुको साथै जिल्लास्तरमा सञ्चालित वित्तीय व्यवस्थापनका क्रियाकलापहरूले सार्वजनिक वित्तीय व्यवस्थापनको सुदृढीकरणमा पुऱ्याउने योगदानका सम्बन्धमा विभिन्न कार्यपत्रहरू प्रस्तुत भई अन्तर क्रिया समेत भएको थियो।

## सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढिकरण आयोजनाको समीक्षा मिसन, २०१६

नेपालको सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढीकरण गर्नका लागि विश्व बैंकले संयोजन गरेको नेपालका विभिन्न ७ वटा दातृ समूह सम्मिलित कोष (Muti Donor Trust Fund-MDTF) को सहयोगमा सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढिकरण आयोजना (Strengthening Public Financial Management -SPFM) कार्यक्रमको कार्यान्वयन भईरहेको छ। यस आयोजनाको कार्यान्वयन अवस्था र कार्यान्वयनमा देखिएका समस्या समाधानको सम्बन्धमा समीक्षा गर्न विश्व बैंकले आयोजना कार्यान्वयनको संयोजन गरिरहेका निकायसँग अर्धवार्षिक रूपमा पुनरावलोकन र समीक्षाको कार्य गर्ने गरेको छ। यस क्रममा सन् २०१६ को मार्च र डिसेम्बरमा गरी दुईपटक विश्व बैंकले पेफा सचिवालय र मलेनिकासँग पुनरावलोकन तथा समीक्षा गरेको छ।

### पहिलो मिसन २०१६ मार्च

सन् २०१६ को पहिलो मिसन मार्च २८ देखि अप्रिल १ सम्म रहेको थियो। यो मिसनमा विश्व वैंकका लिड फाइनान्सियल म्यानेजमेन्ट स्पेसलिष्ट मनोज जैनको नेतृत्वमा MDTF का प्रोग्राम म्यानेजर फ्याङ्क बेसिट, आनन्द पाध्र्य, शम्भु उप्रेती, तिमिला शेष्ठ, योगेश मल्ल, श्रद्धा शाह र नगेन्द्र नकर्मीको टोली समावेश थियो। मिसन टोलीले सर्वप्रथम महालेखा नियन्त्रक श्री राजेन्द्र प्रसाद नेपालसँग भेट गरी मिसनको उद्देश्य उल्लेख गर्दै आयोजना कार्यान्वयनको प्रगति अवस्थाको पुनरावलोकन गरी कार्यान्वयनमा पुग्न उचित वातावरण निर्माण गर्न सहजीकरण गर्ने जनाएको थियो। यस पछि पेफा सचिवालयले आयोजना कार्यान्वयनको अवस्था, समस्या तथा भावी सम्भावनाका विषयमा मिसन टोलीलाई जानकारी गराएको थियो। यस कार्यक्रममा महालेखा नियन्त्रक कार्यालयका

सह महालेखा नियन्त्रक, उप महालेखा नियन्त्रक तथा पेफा सचिवालका कर्मचारीहरू सम्मिलित हुनुहुन्थ्यो । पुनरावलोकनका क्रममा मिसन टोलीले आयोजनाका मुख्य तीन क्षेत्रहरू एकल खाता कोष प्रणालीको कार्यान्वयन सुदृढिकरण, लेखांकन तथा वित्तीय प्रतिवेदन प्रणालीको सुदृढीकरण र पेफा सचिवालयको सुदृढीकरण सम्बन्धी विषयमा केन्द्रित रहेर कार्यान्वयन अवस्थाको समीक्षा गरेको थियो । त्यसपछि विभिन्न चरणमा भएका छलफल, प्राप्त नतिजा विश्लेषण तथा प्रणाली सञ्चालन सम्बन्धमा कोलेनिका नुवाकोटमा भएको स्थलगत भ्रमणसमेतका आधारमा SPFM I को नतिजा सन्तोषजनक रहेको र SPFM II को हालसम्मको कार्यान्वयनको अवस्था मध्यमरूपमा सन्तोषजनक रहेको निष्कर्ष निकालेको थियो ।

## दोस्रो मिसन, डिसेम्बर २०१६

सन् २०१६ को दोस्रो मिसन नोभेम्बर २८ देखि डिसेम्बर ८ सम्म सञ्चालन भएको थियो । यस मिसनमा नेपालस्थित विश्व बैंक कार्यालयका लिड फाइनान्सियल स्पेशियालिष्ट एवं MDTF का व्यवस्थापक फ्याङ्क बेसिटको नेतृत्वमा विश्व बैंक वासिङ्गटनका इन्ट्रिगेटेड डिजिटल सोलुसन ग्लोबल लिड एवं गभर्नेन्स स्पेशियालिष्ट जेम डेनर, विश्व बैंक बैंकका वित्तीय उत्तरदायित्व एवं प्रतिवेदन सम्बन्धी परामर्शदाता मार्गरेटा मेइलो तथा नेपालस्थित विश्व बैंक कार्यालयका शम्भुप्रसाद उप्रेति, योगेश मल्ल, तिमिला श्रेष्ठ र श्रद्धा शाह सहितको टोली सम्मिलित थियो ।



यस पुनरावलोकन मिसनले प्रारम्भमा महालेखा नियन्त्रक श्री राजेन्द्रप्रसाद नेपालसँग शिष्टाचार भेट गर्दै यस पटकको पुनरावलोकनको उद्देश्य र SPFM को कार्यान्वयनमा सहजीकरणका सम्भावनाका विषयमा छलफल गरेको थियो । यस पछि मलेनिकाका सह–महालेखा नियन्त्रक तथा उप–महालेखा नियन्त्रकहरू समेतको सहभागितामा आयोजना कार्यान्वयनको हालसम्मको अवस्थाका बारेमा प्रस्तुतीकरण तथा छलफल भएको थियो । यस क्रममा पेफा सचिवालयका सदस्य सचिव मुरारी निरौलाले हालसम्मको कार्यान्वयनको अवस्था र यस वर्ष कार्यान्वयका क्रममा रहेका कार्यक्रमहरूको वारेमा जानकारी गराउनु भएको थियो। यस छलफल कार्यक्रममा उठेका विषयवस्तुहरू र आगामी दिनमा सम्पन्न गरिने कार्यक्रमका सम्बन्धमा कार्यक्रमको अध्यक्षता गर्नुभएका पेफा सचिवालयका संयोजक एवं सह–महालेखा नियन्त्रक श्री केवल प्रसाद भण्डारीले सचिवालयको धारणा र पुनरावलोकन मिसनबाट अपेक्षा गरिएका कुराहरू राख्नुभएको थियो । मिसन टोलीले अर्थ मन्त्रालयका बजेट तथा कार्यक्रम महाशाखा र अन्तर्राष्ट्रिय सहायता समन्वय महाशाखा प्रमुखहरू सहितका पदाधिकारीहरू सँग समेत छलफल गरेको थियो ।



आयोजनाको पुनरावलोकनका क्रममा मिसनका केही सदस्यहरूलाई पेफा सचिवालयले कोष तथा लेखा नियन्त्रक कार्यालय दोलखाको स्थलगत भ्रमण गराई कोलेनिकाबाट सञ्चालन भएका एकल कोष खाता प्रणली, राजस्व व्यवस्थापन सूचना प्रणाली, भुकम्प पिडितहरूलाई वितरण गरिने राहत रकमको निकासा लगायतका कार्यप्रणालीको कार्यसम्पादनको जानकारी गराइएको थियो । दोस्रो चरणको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रमका मुख्य तीन कम्पोनेन्टमा रही गरिएको यस चरणको समीक्षाबाट यस आयोजनाको हालसम्मको कार्यान्वयन अवस्थालाई सन्तोषजनक भनी मूल्यांकन गर्दै निर्धारित समयभित्रै यस आयोजनाका सबै क्रियाकलापहरू सम्पन्न हुने निश्कर्ष निकालिएको छ ।

यस पुनरावलोकन मिसनमा मुख्य रूपमा हालसम्म नेपाल सरकारले विकास गरी प्रयोगमा ल्याएका वित्तीय व्यवस्थापन सूचना प्रणालीसँग सम्बन्धित विभिन्न प्रणालीहरूको विश्लेषण गरी यस्ता प्रणालीहरू अलग अलग रूपमा कार्यान्वयन गर्नुको साटो एकीकृत रूपमा कार्यान्वयन गर्नु राम्रो हुने भनी विश्व बैंकको अगुवाईमा विभिन्न मुलुकमा विकास गरिएका एकीकृत स्वरूपका वित्तीय व्यवस्थापन सूचना प्रणाली (IFMIS) तर्फ नेपालको रूपान्तरणको सम्भावनका विषयमा छलफल भएको थियो । विश्व बैंकका इन्ट्रिगेटेड डिजिटल सोलुसन ग्लोबल लिड एवं गभर्नेन्स स्पेशियालिष्ट जेम डेनरले यस सम्बन्धमा रहेका कमी कमजोरीहरू तथा सो को सम्बोधन गर्नका लागि अवलम्बन गर्न सकिने सम्भाव्य उपायहरूका सम्बन्धमा विश्लेषणात्मक सुझाव समेत राख्नु भएको थियो ।

## सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी राष्ट्रिय तालीम सञ्चालन

पेफा सचिवालयले मिति २०७३/०१/०९ देखि २०७३/०१/११ सम्म र २०७३/०१/२८ देखि २०७३/०१/३० सम्म गरी दुई समुहमा ३–३ दिने सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी राष्ट्रिय तालीम सञ्चालन गरेको थियो । यस तालीमको मुख्य उद्देश्य सार्वजनिक वित्तीय व्यवस्थापन र सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्वका क्षेत्रमा सहजीकरण गर्ने दक्ष जनशक्तिको विकास गर्ने र दोश्रो चरणको सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका क्रियाकलापहरूको प्रभावकारी कार्यान्वयनको लागि छलफल गर्ने रहेको थियो। सार्वजनिक वित्तीय व्यवस्थापनको क्षेत्रमा बिभिन्न मन्त्रालय तथा विभागमा कार्यरत कर्मचारीहरूका लागि दुई समूहमा सञ्चालन गरिएको यस तालीमको प्रत्येक समूहमा ३०/३० जना गरी जम्मा ६० जना रा.प. द्वितीय तथा तृतीय श्रेणीका कर्मचारीहरूको सहभागिता रहेको थियो।

उक्त तालीम कार्यक्रममा सार्वजनिक वित्तीय व्यवस्थापनको वर्तमान अवस्था, सुधारका कार्यक्रमहरू तथा भावी कार्यदिशा, सार्वजनिक खरिद, लेखापरीक्षण, आन्तरिक नियन्त्रण लगायतका विषयहरू समेटिएका थिए। दोश्रो चरणको सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्ययोजनाको कार्यान्वयनको सम्बन्धमा तालीममा विशेष जोड दिइएको थियो । यस तालीमबाट वित्तीय उत्तरदायित्वको प्रवर्द्धन, सुशासनको सुदृढीकरण तथा दिगो र प्रणालीगत सुधार मार्फत समग्र वित्तीय व्यवस्थापनको सुदृढीकरण सुनिश्चित गर्ने र सार्वजनिक वित्तीय व्यवस्थापनमा संलग्न जनशक्तिहरूको क्षमता विकास तथा कार्यशैलीमा समेत सुधार आउने अपेक्षा गरिएको छ।

## राजस्व व्यवस्थापन सूचना प्रणाली सञ्चालन र विस्तार

नेपाल सरकारलाई प्राप्त हुने राजस्वको आम्दानी, लेखांकन तथा प्रतिवेदन प्रणालीलाई सरल, यथार्थ, छिटो छरिटो र प्रभावकारी बनाउन सूचना प्रविधिमा आधारित राजस्व व्यवस्थापन सूचना प्रणाली (Revenue Management Information System) को विकास गरिएको छ। महालेखा नियन्त्रक कार्यालयको अग्रसरतामा विकास भएको यस प्रणालीको कार्यान्वयनका लागि नेपाल सरकार (माननीय अर्थमन्त्रीस्तर) को २०७१/३/२४ गतेको निर्णयबाट स्वीकृति प्राप्त भएको थियो । यस प्रणालीको आ.व. २०७१/७२ बाट काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्लाबाट परीक्षण शुरू गरिएको थियो जसलाई आ.व २०७२/७३ देखि निम्न बमोजिमका थप १२ जिल्लामा विस्तार गरियो।

**आ.व. २०७२/७३ मा RMIS विस्तार भएका १२ जिल्लाहरु**

| | | | |
|---|---|---|---|
| झापा | मोरंग | सुनसरी | धनुषा |
| बारा | पर्सा | मकवानपुर | चितवन |
| कास्की | रूपन्देही | बांके | कैलाली |

आर्थिक बर्ष २०७३/७४ को बजेट वक्तव्यमा राजस्व संकलनलाई सरल बनाउन एकल राजस्व शीर्षकको सम्भाव्यता अध्ययन गरिने तथा हाल १५ जिल्लामा सञ्चालनमा रहेको राजस्व व्यवस्थापन सूचना प्रणालीलाई थप ३५ जिल्ला र विदेश स्थित नियोगहरूमा विस्तार गरिनेछ भनी उल्लेख भए अनुसार आ.व. २०७३/७४ देखि थप ३५ जिल्लाहरूमा यो प्रणालीको विस्तार गरिएको छ। यस प्रयोजनका लागि सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालय र राजस्व संकलन गर्ने बैंक, बैंकका केन्द्रिय कार्यालय र शाखा समेतका १८२ कर्मचारीलाई राजस्व व्यवस्थापन सूचना प्रणाली सम्वन्धी तालीम प्रदान गरिएको छ।

**आ.व. २०७३ /०७४ मा RMIS विस्तार भएका ३५ जिल्लाहरु**

| | | | | |
|---|---|---|---|---|
| महोत्तरी | सर्लाही | सिन्धुली | रामेछाप | दोलखा |
| धादिङ्ग | नुवाकोट | काभ्रेपलान्चोक | ईलाम | धनकुटा |
| उदयपूर | सप्तरी | सिराहा | नवलपरासी | कपिलवस्तु |
| अर्घाखाँची | पाल्पा | रौतहट | दाङ्ग | बर्दिया |
| जुम्ला | सुर्खेत | दैलेख | डोटी | डडेलधुरा |
| कन्चनपूर | गुल्मी | स्याङ्जा | तनहुँ | गोरखा |
| रसुवा | लम्जुङ्ग | पर्वत | बागलुङ्ग | म्याग्दी |

यी जिल्लाहरूमा RMIS लागू भएपछि नेपाल सरकारको कूल आन्तरिक राजस्व संकलनको ९७ प्रतिशतभन्दा बढी राजस्व संकलन RMIS मार्फत हुने बिश्वास गरिएको छ।

विदेश स्थित नेपाली राजदुतावास र नियोगहरूका लागि राजस्व व्यवस्थापन सूचना प्रणालीको छुट्टै उपप्रणाली विकास गरिएको छ। यो प्रणाली सञ्चालनको लागि महालेखा नियन्त्रक कार्यालयले आवश्यक तालीम समेत प्रदान गरि सकेको छ। आ.व. २०७३/७४ देखि केही नियोगहरूमा यो प्रणाली कार्यान्वयन प्रारम्भ भएको छ।

## सहरी विकास मन्त्रालयमा पेफा कार्यन्वयन इकाई अभिमुखीकरण कार्यक्रम

पेफा सचिवालय र सहरी विकास मन्त्रालयको पेफा कार्यान्वयन इकाई (PEFA Implementation Unit, PIU) को संयुक्त आयोजनामा पेफा संरचना र अन्य गतिविधि समेटिएको एकदिने अभिमुखीकरण कार्यक्रम २०७३ असार २६ गते आइतवार मन्त्रालयको सभाहलमा सम्पन्न भएको छ । मन्त्रालयका निमित्त सचिव श्री शम्भु के.सी. ले अध्यक्षता गर्नुभएको उक्त कार्यक्रममा पेफा कार्यान्वयन इकाइका संयोजक रामचन्द्र दंगालले कार्यक्रमको औचित्यमाथि प्रकाश पार्नुभएको थियो। सो कार्यक्रमको सञ्चालन इकाइका सदस्य सचिव एवं मन्त्रालयका आर्थिक प्रशासन शाखा प्रमुख नेत्र सुवेदीले गर्नुभएको थियो । कार्यक्रममा मन्त्रालयमा कार्यरत अधिकृतस्तरका सबै कर्मचारीहरू र उपत्यकास्थित मन्त्रालय मातहतका विभागीय प्रमुख एवं लेखा प्रमुख समेत

करिब ४५ जना सहभागी रहेका थिए । उक्त कार्यक्रममा पेफा सचिवालयका परामर्शदाता राजेन्द्र बज्राचार्यले पेफा सम्बन्धी परिचयात्मक कार्यपत्र र मन्त्रालयका आर्थिक प्रशासन शाखा प्रमुख नेत्र सुवेदीले सहरी विकास मन्त्रालयको वर्तमान नीति एवं आर्थिक प्रशासन र व्यवस्थापकीय सुधारका एजेण्डाहरू विषयक कार्यपत्र प्रस्तुत गर्नुभएको थियो। कार्यक्रमको छलफल र प्रश्नोत्तरको सेसनमा पेफा सचिवालयका लेखा अधिकृत अनुपमा कार्की र परामर्शदाता राजेन्द्र वज्राचार्यले सहजिकरण गर्नुभएको थियो । उक्त कार्यक्रमको अन्त्यमा मन्त्रालयका निमित्त सचिव शम्भु के.सी. ले कार्यक्रम उपयोगी रहेको उल्लेख गर्दै पेफासँग पुनः जोडिन पाउनु सुधारको लागि अवसर समेत भएकोले आयोजना व्यवस्थापन लगायत वित्तीय अनुशासन कायम गर्ने सम्बन्धमा मन्त्रालयमा गठन भएको इकाईले आन्तरिक छलफलसमेतका आधारमा सुधारका विषयहरू क्रमशः लागू गर्दै जाने र सो कार्यमा आवश्यक सहयोगका लागि पेफा सचिवालयसँग आग्रह गर्दै यस प्रकारका कार्यक्रमहरूको निरन्तरता रहनुपर्ने धारणा राख्दै कार्यक्रम समापन गर्नुभएको थियो।

## आ.ब. २०७२/७३ मा जिल्ला पेफा कार्यान्वयन इकाईहरूद्धारा सञ्चालित अभिमुखिकरण कार्यक्रमहरू

सार्वजनिक खर्च र वित्तीय उत्तरदायित्वको प्रभावकारी कार्यान्वयन गदै जिल्लास्तरमा सार्वजनिक खर्चको पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्ने उद्देश्यले जिल्ला पेफा कार्यान्वयन इकाई गठन भई जिल्लास्तरीय पेफा सुदृढीकरणका कार्यक्रमहरू सञ्चालन हुदै आएका छन् । पेफा संरचनालाई कार्यान्वयन तहदेखि नै प्रवद्धन गर्दै लैजाने, आर्थिक प्रशासन सुधारका लागि DPIUS को क्षमता अभिवृद्धि तथा सुदृढीकरण गर्ने र पेफा कार्यान्वयनमा जिम्मेवार बनाउने, स्थानीयस्तरमा सार्वजनिक खर्चको पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि गर्ने लगायतका उद्देश्यहरूले DPIUS गठन गरिएको हो। यस उद्देश्य प्राप्तिका लागि पेफा सचिवालय मार्फत सम्बन्धित जिल्लाका कोलेनिकाको प्रस्ताव अनुसार २९ जिल्लामा निम्नानुसारका कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

| जिल्ला | कार्यक्रम |
|---|---|
| नवलपरासी | PEFA Framework सम्बन्धी चेतनामूलक कार्यक्रम, पेफा सम्बन्धी विद्यालय स्तरीय चेतनामूलक कार्यक्रम, रेडियो कार्यक्रम, लेखा, लेखापालन प्रतिवेदन तथा लेखापरिक्षण तालीम कार्यक्रम सञ्चालन। |
| धादिङ्ग | PFM सँग सम्वन्धित FM रेडियो कार्यक्रम सञ्चालन, बजेट चक्र बारेमा प्रचारमूलक कार्यक्रम, जिल्लास्थित कार्यालय प्रमूखहरूवीच Accountability तथा Transparency अभिवृद्धिका साथै सार्वजनिक खर्चको प्रभावकारीता बढाउने कार्यशाला तालिम कार्यक्रम सञ्चालन। |
| गोरखा | कलेजका विधार्थीहरूबीच PFM/PEFA सम्बन्धी विषयहरू समावेश गरी निवन्ध तथा वक्तृत्वकला प्रतियोगिता सञ्चालन गर्ने विद्यालयका शिक्षकहरूलाई PFM सम्बन्धी अभिमूखीकरण तालीम कार्यक्रम। |
| झापा | लेखा समूहका कर्मचारी तथा कार्यालय प्रमुखहरूलाई योजना बजेट तथा कार्यक्रम तर्जुमा सम्बन्धी तालीम कार्यक्रम, प्रचलित खरिद कानुन र ठेक्का व्यवस्थापन सम्बन्धी गोष्ठी, स्थानीय स्तरमा राजस्व व्यवस्थापन सुधारका लागि राजश्व संकलन गर्ने कार्यालयका कर्मचारीलाई तालिम कार्यक्रम सञ्चालन, |
| सोलुखुम्बु | विभिन्न सरकारी कार्यालयहरूमा कार्यरत लेखाका कर्मचारीहरूको ज्ञान तथा क्षमताको विकास गर्न सार्वजनिक वित्तीय व्यवस्थापन सम्बन्धी तालीम कार्यक्रम सञ्चालन। |
| ताप्लेजुङ्ग | नातक विद्यार्थीहरूवीच PFM/PEFA सचेतना अभिवृद्धि आर्थिक प्रशासनमा संलग्न कर्मचारीहरूलाई PFM /PEFA सम्बन्धी तालीम सञ्चालन। |
| ओखलढुंङ्गा | परिवर्तित सन्दर्भमा वित्तीय व्यवस्थापन प्रशासनिक कार्य सम्बन्धी तालीम। |
| म्याग्दी | विद्यालय र गाविसको लेखा प्रणालीबारे प्रशिक्षण कार्यक्रम सञ्चालन, नयाँ नियुक्ति भएका र कमजोर देखिएका लेखा समूहका कर्मचारीलाई अभिमूखिकरण कार्यक्रम सञ्चालन, आर्थिक प्रशासनमा संलग्न कर्मचारीलाई PFM / PEFA सम्बन्धी अभिमूखीकरण कार्यक्रम सञ्चालन। |
| बाग्लुङ | जिल्लास्थित नागरिक समाज, गैर सरकारी तथा सामुदायिक संस्थाको लागि PFM सम्बन्धी (बुर्तिबाङ र ढोरपाटनबजार) Display Board को Software develop गर्ने सम्बधी। |
| बझाङ | जिल्लास्थित कार्यालय प्रमुखहरूबीच सार्वजनिक खर्चको जवाफदेहिता तथा पारदर्शिता सम्बन्धि तालीम तथा गोष्ठी सञ्चालन। |
| पाल्पा | निर्माण व्यवसायीहरूसँग निर्माण व्यवस्थापन र गुणस्तर सम्बन्धी अन्तरक्रियात्मक कार्यक्रम |
| बाँके | सार्वजनिक स्रोतको व्यवस्थापनमा नियमितता, मितव्यिता, प्रभाकारीता र पारदर्शिता सम्बन्धी अन्तरक्रिया। |

| | |
|---|---|
| अछाम | जिल्लास्थित सरकारी निकायमा कार्यरत लेखा समूहका कर्मचारी, स्टोर किपरहरूका बीच PEFA एवम् आन्तरिक तथा अन्तिम लेखा परिक्षण र सार्वजनिक खरिद प्रक्रियाको बारेमा अन्तक्रिया, खर्च प्रतिवद्धता तथा बजेट कार्यान्वयन सम्बन्धी सामान्य कार्यक्रम। |
| कालिकोट | सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व एवम् जिल्लास्थित सरकारी कार्यालयहरूको खर्चका सम्वन्धमा सार्वजनिक सुनुवाई, जिल्लास्थित सरकारी कार्यालयमा कार्यरत लेखाका समूहका कर्मचारीहरूवीच PEFA एवम बजेट चक्रसम्बन्धी अन्तरक्रिया कार्यक्रम। |
| जुम्ला | क्षमता विकास कार्यक्रम, छलफल तथा अन्तक्रिया। |
| मुस्ताङ | आधारभूत लेखापालन सम्वन्धी तालीम। |
| मुगु | प्रशिक्षण कार्यक्रम, एफ.एम. रेडीयो कार्यक्रम, पत्रकारहरूविच PFM सम्बन्धी अन्तक्रिया। |
| इलाम | कलेजका विधार्थीहरूबीच PFM/ PEFA सम्बन्धी सचेतना अभिवृद्धि, पत्रकारहरूबीच PFM/ PEFA सम्बन्धी निवन्ध तथा वक्तृत्वकला प्रतियोगिता सञ्चालन। |
| जाजरकोट | जिल्लास्थित कार्यालय प्रमुखहरूवीच Accountability and Transparency र सार्वजनिक खर्चको प्रभावकारिता बढाउने सम्बन्धी कार्यक्रम, जिल्लास्थित सरकारी निकायमा कार्यरत लेखा समूहका कर्मचारीहरूबीच PEFA एवम् बजेट प्रभावकारिताको जानकारी। |
| अर्घाखाँची | कार्यालय प्रमुख र लेखा प्रमुखहरू समेतको संयुक्त अन्तरक्रिया कार्यक्रम, |
| दार्चुला | जिल्लास्थित सरकारी कार्यालयका कर्मचारीहरूबीच PEFA सम्वन्धी अन्तरक्रिया कार्यक्रम। |
| खोटाङ | सार्वजनिक निकायले पालना गर्नुपर्ने सार्वजनिक खरिद सम्वन्धी व्यवस्था, सार्वजनिक खर्चको पारदर्शिता र उत्तरदायित्व अभिवृद्धि कार्यक्रम, लेखा व्यवस्थापन र आन्तरिक लेखा परीक्षण सम्वन्धी कार्यक्रम, सार्वजनिक खर्च र वित्तीय व्यवस्थापनमा को.ले.नि.का को भुमिका सम्वन्धी कार्यक्रम। |
| बर्दिया | निजामति सेवा प्रवेश गर्ने नयाँ लेखापाल तथा सहलेखापालहरूका लागि आधारभूत लेखा तालिम तथा अन्तरक्रिया कार्यक्रम। |
| तनहुँ | सरकारी लेखा सम्वन्धी आधारभूत तालीम। |
| पाँचथर | लेखा समूहका कर्मचारी प्रशिक्षण कार्यक्रम। |
| बाजुरा | जिल्लास्थित सरकारी निकायमा कार्यरत लेखा समूहका कर्मचारी बीच पेफा सम्वन्धी अन्तरक्रिया कार्यक्रम। |
| ललितपुर | लेखा प्रमुखहरूका लागि पेफा अभिमुखीकरण कार्यशाला तथा लेखा प्रमुखहरूका लागि आयकर E-TDS सम्बन्धी अभिमुखीकरण, खरिद कार्यशाला गोष्ठी लेखा प्रमुखहरूका लागि आर्थिक प्रशासन सम्बन्धी समसामयिक कार्यक्रम। |
| दोलखा | सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व एवम जिल्लास्थित सरकारी कार्यालयहरूको खर्चका सम्वन्धमा सार्वजनिक सुनुवाई कार्यक्रम। |

## आन्तरिक लेखापरीक्षण तालिम, २०७२/७३

महालेखा नियन्त्रक कार्यालयले आन्तरिक लेखापरीक्षणको प्रभावकारिता अभिबृद्धि गर्नका लागि कोष तथा लेखा नियन्त्रक कार्यालयको आन्तरिक लेखापरीक्षण कार्यमा संलग्न जनशक्तिको क्षमता अभिबृद्धि गर्ने उद्देश्यले आ.ब. २०७२/७३ मा चारवटा क्षेत्रीयस्तरका तालिम सञ्चालन गरेको छ। उक्त तालीम कार्यक्रममा आन्तरिक लेखापरीक्षण गर्दा आधार लिनुपर्ने विभिन्न कानुनहरू, विनियोजन, राजश्व, धरौटी र कार्यञ्चालन कोषको आन्तरिक लेखापरीक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरू, आन्तरिक लेखापरीक्षण निर्देशिकामा रहेका विभिन्न प्रावधानहरू, वस्तु तथा सेवा परामर्श खरिदको आन्तरिक लेखापरीक्षण गर्दा ध्यान दिनुपर्ने कुराहरू, सार्वजनिक निर्माण र सो सम्बद्ध खरिदको आन्तिरक लेखापरीक्षणको तयारी र प्रतिवेदन लगायतका विषयवस्तु समावेश गरिएको थियो। उक्त तालिमको सञ्चालन मिति, स्थान र सहभागीको विवरण निम्नानुसार रहेको छ:

| मिति | क्षेत्र र स्थान | सहभागी संख्या |
|---|---|---|
| २०७३/२/१६ र १७ | मध्यमाञ्चल, काठमाण्डौं | ४४ जना |
| २०७३/२/२३ र २४ | मध्य–पश्चिमाञ्चल र सुदुर पश्चिमाञ्चल, नेपालगञ्ज | ४६ जना |
| २०७३/२/२७ र २८ | पुर्वाञ्चल, विराटनगर | ३३ जना |
| २०७३/३/२ र ३ | पश्चिमाञ्चल, पोखरा | ३२ जना |

## नयाँ लेखा अधिकृतहरूका लागि TSA-DECS तालीम

लोक सेवा आयोगको सिफारिसमा लेखा समूहमा नियुक्त भई नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान र राजस्व प्रशासन तालिम केन्द्रबाट सञ्चालित सेवा प्रवेश तालीममा रहेका १०८ जना लेखा अधिकृतहरूलाई महालेखा नियन्त्रक कार्यालयले एकल खाता कोष प्रणाली, राजस्व व्यवस्थापन सूचना प्रणाली तथा आर्थिक प्रशासनसम्बन्धी अन्य प्रणाली सञ्चालन सम्बन्धी तालिम प्रदान गरेको छ। मिति २०७३/१२/१७ देखी २०७३/०१/३१ सम्म तीन चरणमा महालेखा नियन्त्रक कार्यालयको तालिम हलमा सञ्चालित

सो तालिमबाट कार्यक्षेत्रमा खटिने लेखा अधिकृतहरूमा सूचना प्रविधिको उपयोग र एकल कोष खाता प्रणाली सञ्चालन सम्बन्धी कार्यमा ठोस सघाउ पुग्ने विश्वास गरिएको छ।

## नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) कार्यान्वयन सम्बन्धी गतिविधी

नेपाल सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुरूपको वित्तीय विवरण तयारी सम्बन्धी कार्यमा देखापरेका नीतिगत तथा व्यावहारिक समस्याहरूमाथि छलफल गर्ने उद्देश्यले २०७२ फागुन ३० गते महालेखा परीक्षकको कार्यालयको सभाहलमा एक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। उक्त कार्यक्रममा महालेखा परीक्षकको कार्यलयका उप-महालेखा परीक्षक श्री सुकदेव भट्टराई, महालेखा नियन्त्रक कार्यालयका सह-महालेखा नियन्त्रक श्री जगन्नाथ देवकोटा, महालेखा परीक्षकको कार्यालय र महालेखा नियन्त्रक कार्यालयका कर्मचारीहरू तथा यस वर्षसम्म NPSAS लागू भएका १६ वटै निकायका वित्तीय प्रतिवेदन तयारीमा संलग्न आर्थिक प्रशासन शाखा प्रमुख, दातृ निकायका प्रतिनिधि र परामर्शदाताको सहभागिता रहेको थियो।

नेपाल सार्वजनिक क्षेत्र लेखामान कार्यान्वयन गर्ने शिलशिलामा आ.ब. २०७२/७३ मा विभिन्न १६ वटा केन्द्रीय निकायको वित्तीय विवरण तयारी सम्बन्धी अगाडि बढेकोमा १५ वटा निकायको वित्तीय विवरण तयार भई अन्तिम लेखापरीक्षण समेत सम्पन्न भएको छ। महालेखा परीक्षकको कार्यालयबाट प्राप्त लेखापरीक्षण प्रतिवेदनमा औलाइएका विषयहरू र वित्तीय विवरण तयारीको क्रममा आइपरेको समस्या उपर छलफल गर्ने उद्देश्यले २०७३ जेष्ठ ०९ मा काठमाण्डौमा सरोकार वाला निकायहरूसँग एक छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। अर्थ मन्त्रालयका राजस्व सचिव श्री राजन खनालबाट उदघाटन भएको सो कार्यक्रममा महालेखा नियन्त्रक श्री राजेन्द्र प्रसाद नेपाल, महालेखा परीक्षक कार्यालयमा नायव महालेखा परीक्षक श्री इश्वर नेपाल तथा वित्तीय विवरण तयार गर्ने निकायका आर्थिक प्रशासन सम्बद्ध सह सचिवहरू, ती निकायका आर्थिक प्रशासन सम्बद्ध कर्मचारीहरू, चार्टड एकाउन्टेन्ट संस्थाका उपाध्यक्ष, नेपाल लेखामान बोर्डका अध्यक्ष, विश्व बैंक लगायतका अन्य दातृ निकायका प्रतिनिधिहरू एवं परामर्शदाता समेतको उपस्थिति रहेको थियो।

NPSAS लागू गर्न बाँकी मन्त्रालय तथा केन्द्रीय निकायहरूको वित्तीय विवरण तयार गर्न क्षमता विकास गर्ने उद्देश्यले ती निकायका आर्थिक प्रशासन सम्बद्ध कर्मचारीहरूको लागि २०७३ बैशाख १५ गते काठमाण्डौंमा NPSAS अनुरूपको वित्तीय प्रतिवेदन तयारी सम्बन्धी एक दिने तालीमको आयोजना गरिएको थियो। महालेखा नियन्त्रक श्री राजेन्द्रप्रसाद नेपालले उदघाटन गर्नु भएको सो तालीममा विभिन्न निकायका ३२ जना कर्मचारीहरूको सहभागिता रहेको थियो। सो तालीम कार्यक्रममा सह महालेखा नियन्त्रक श्री जगन्नाथ देवकोटाले NPSAS को कार्यान्वयनको औचित्य र यसबाट नेपालको वित्तीय क्षेत्रमा पुग्न जाने योगदानको वारेमा चर्चा गर्दै तालिम कार्यक्रमबाट आगामी वर्षको वित्तीय विवरण तयारीका लागि छनौट हुने निकायको तत्परता अभिवृद्धि र पूर्व तयारीमा योगदान पुग्ने धारणा राख्नु भएको थियो।

NPSAS को कार्यान्वयनमा सहजिकरण गर्न गठन भएको NPSAS निर्देशक समितिको बैठक मिति २०७३ जेष्ठ ३२ मा बसेको थियो। यस बैठकले हालसम्मको कार्यान्वयन अवस्थाको समीक्षा गरी कार्यान्वयनका क्रममा आइपरेका सैद्धान्तिक, प्राविधिक तथा व्यवहारिक समस्या एवं महालेखा परीक्षकको प्रतिवेदनमा औंल्याइएका विषयहरूमा समाधानका उपायहरूवारे छलफल गरेको थियो।

## जिल्ला पेफा अभिमुखिकरण कार्यक्रम, मकवानपुर

पेफा सचिवालयको आयोजना र कोष तथा लेखा नियन्त्रक कार्यालय मकवानपुरको संयोजनमा मकवानपुर जिल्लामा स्थानीयस्तरमा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व अभिबृद्धि सम्बन्धी जानकारी गराउने एवं जिल्ला पेफा कार्यान्वयन इकाईलाई क्रियाशील गराई जिल्लास्तरमा पेफा संरचनाको कार्यान्वयनको समन्वय तथा सूचना प्रवाह गर्न सहयोग पुऱ्याउने उद्देश्यले मिति २०७३/०६/१७ मा एक दिने जिल्ला पेफा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको छ। जिल्ला पेफा कार्यान्वयन इकाईका संयोजक एवं प्रमुख कोष नियन्त्रक कृष्णप्रसाद पोखरेलको अध्यक्षतामा सो कार्यक्रममा सम्पन्न भएको थियो। कार्यक्रममा मकवानपुर जिल्लाका विभिन्न सरकारी कार्यालयका कार्यालय प्रमुख र लेखा प्रमुखहरु, सार्वजनिक संस्थानका प्रमुखहरु, नागरिक समाज र गैससका प्रतिनिधि, पत्रकार, उद्योग वाणिज्य संघका प्रतिनिधि सहित १०२ जनाको सहभागिता रहेको थियो। यस कार्यक्रममा आन्तरिक राजश्व कार्यालय मकवानपुरका प्रमुख जीवनकुमार घिमिरे, पुनरावेदन सरकारी वकिल कार्यालयका डा. गोपी चन्द्र भट्टराई एवं निमित्त प्रमुख जिल्ला अधिकारी हरीप्रसाद पन्तले वित्तीय पारदर्शिता र जवाफदेहिताका लागि जिल्लास्तरका कार्यालयहरूले निभाउनु पर्ने भूमिका, सुशासनमा यसले खेल्ने भूमिका एवं यस अन्तरक्रिया पछि कार्यालयहरूले वित्तीय सूचनाको प्रकाशन, पारदर्शिता प्रबर्द्धन लगायतका कार्यहरू थप प्रभावकारी रूपमा सम्पादन गर्नेतर्फ अभिमुख हुने अपेक्षा राख्नु भएको थियो। कार्यक्रममा पेफा सचिवालयका सदस्य-सचिव मुरारी निरौलाले पेफा संरचना र नेपालमा यसको अवलम्बन पछि प्राप्त नतिजासम्बन्धी र लेखा अधिकृत अनुपमा कार्कीले पेफा सूचकहरू, तिनको मापन विधि र नेपालमा भएका पहिलो र दोस्रो पेफा मूल्यांकनको नतिजा तथा तिनका सूचकहरूको अवस्था सम्बन्धी कार्यपत्र प्रस्तुत गर्नु भएको थियो। कार्यपत्रको प्रस्तुती पछि भएको खुला छलफल तथा अन्तरक्रियामा सहभागीहरूबाट राखिएका विभिन्न जिज्ञासा तथा वित्तीय व्यवस्थापनका लागि कार्यालयहरूले गरिरहेका र गर्नसक्ने कार्यहरू सम्बन्धमा उठेका जिज्ञासाहरूमा प्रमुख कोष नियन्त्रक कृष्णप्रसाद पोखरेल, पेफा सचिवालयका सदस्य-सचिव मुरारी निरौला र लेखा अधिकृत अनुपमा कार्कीले प्रष्ट पार्नुभएको थियो। उक्त कार्यक्रमको सञ्चालन पेफा सचिवालयका लेखा अधिकृत लक्ष्मी तिवारीले गर्नुभएको थियो भने जिल्ला पेफा कार्यान्वयन इकाइ मकवानपुरका सदस्य सचिव कोष नियन्त्रक रामचन्द्र खनालले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पार्नु भएको थियो।

# पेफा सचिवालय सम्बन्धी जानकारी

सार्वजनिक वित्तीय व्यवस्थापन र सार्वजनिक खर्चलाई बढी खुल्ला, पारदर्शी एवं विश्वसनीय बनाई आर्थिक प्रशासनमा स्वच्छता, इमान्दारिता, जवाफदेहिता तथा आर्थिक अनुशासनको प्रवर्द्धन गरी मितव्ययी तथा विवेकशील प्रक्रियाको अवलम्बन गरी सार्वजनिक खर्चको प्रभावकारिताबाट अधिकतम प्रतिफल हासिल गरी आर्थिक अनुशासन कायम गर्नका लागि सन् २००० को दशकमा विश्व बैंकको नेतृत्वमा सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व (पेफा) संरचनाको विकास भयो।

नेपाल सरकारको सार्वजनिक वित्तीय व्यवस्थापन र सार्वजनिक खर्चको उत्तरदायित्व तथा पारदर्शिताको अवस्थालाई समेटेर पेफा संरचनामा आधारित रही गरिएको पहिलो पेफा मूल्यांकन प्रतिवेदन सन् २००८ मा प्रकाशन भयो। उक्त मूल्यांकन प्रतिवेदनले औंल्याएका सुधारका क्षेत्रहरूलाई समेटेर नेपाल सरकारको सार्वजनिक वित्तीय व्यवस्थापन कतिपय प्रावधानहरूमा भएको पहिलो पेफा मूल्यांकनले सुझाव गरेका सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका कार्यक्रमहरू कार्यान्वयको लागि नेपाल सरकारले अर्थ सचिवज्यूको अध्यक्षतामा पेफा निर्देशक समिति र सो समितिको कार्य सम्पादनमा सहयोग गर्न पेफा सचिवालयको गठन गरेको थियो। यस अनुसार २०६५/०४/२३ (सन् २००९) मा महालेखा नियन्त्रक कार्यालयका सह-महालेखा नियन्त्रकको संयोजकत्व र महालेखा नियन्त्रक कार्यालयकै उप-महालेखा नियन्त्रक सदस्य सचिव रहने गरी पेफा सचिवालयको स्थापना भयो। महालेखा नियन्त्रक कार्यालयले पेफा सचिवालयलाई आवश्यक कार्यकक्ष तथा कर्मचारीहरू उपलब्ध गराएको छ।

## पेफा सचिवालयको काम र कर्तव्य :

१. सार्वजनिक वित्तीय व्यवस्थापन सुदृढिकरणका लागि आवश्यक नीति, योजना तथा प्रस्तावहरु तयार गरी पेफा निर्देशक समितिमा पेश गर्ने,
२. पेफा निर्देशक समितिको निर्णयअनुसारका सार्वजनिक वित्तीय व्यवस्थापनसँग सम्बन्धित कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने,
३. राष्ट्रिय तथा स्थानीय सरकारको वित्तीय कार्यसम्पादनको अवस्थाको आवधिक रुपमा समीक्षा गरी पेफा मूल्यांकन प्रतिवेदन तयार गर्ने।
४. सार्वजनिक वित्तीय व्यावस्थापन तथा पेफा संरचनासँग सम्बन्धित विषयमा जानकारी तथा सूचनाहरु सम्बद्ध सरोकारवालाहरुसम्म प्रवाह गर्ने,
५. सार्वजनिक वित्तीय व्यावस्थापनसँग सम्बन्धित विविध गतिविधिहरुको प्रवर्द्धनका लागि विकास साझेदार तथा अन्य निकायहरुबीच सम्पर्क तथा समन्वय गर्ने,
६. वित्तीय क्षेत्र सुधारका लागि आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने गराउने र कार्यान्वयनका लागि सम्बद्ध निकायमा पठाउने,
७. नेपाल सरकारको सार्वजनिक वित्तीय व्यवस्थापनका क्षेत्रमा संलग्न जनशक्तिको क्षमता विकाससँग सम्बन्धित कार्यक्रमहरु सञ्चालन गर्ने,
८. सार्वजनिक वित्तीय व्यवस्थापनका क्षेत्रमा अन्तर्राष्ट्रिय क्षेत्रमा भएका सामयिक सुधारका कार्यहरुलाई नेपाल सरकारको कार्यप्रणालीमा आन्तरिकीकरण गर्ने,
९. सार्वजनिक वित्तीय व्यवस्थापन सुधारका रणनीतिक कार्यक्षेत्रहरुमा आवश्यकता अनुसार अन्य कार्यहरु गर्ने।

## हालसम्म पेफा सचिवालयको सञ्चालनमा संलग्न संयोजक, सदस्य सचिव तथा अन्य कर्मचारीहरू

**पेफा सचिवालय संयोजक:**

| सि.नं. | नाम | कार्य अवधि | |
|---|---|---|---|
| १ | श्री देवराज पाठक | २०६५/४/२३ | |
| २ | श्री महेश प्रसाद दाहाल | | |
| ३ | श्री सुरेश प्रधान | | |
| ४ | श्री राजेन्द्र बज्राचार्य | २०६९/०७/०१ | २०७०/०५/२३ |
| ५ | श्री मुक्तिनारायण पौडेल | २०७०/०५/२६ | |
| ६ | श्री डिल्लीराम शर्मा | | |
| ७ | श्री जगदीश रेग्मी | | |
| ८ | श्री मुकुन्दराज प्रकाश घिमिरे | | |
| ९ | श्री केवल प्रसाद भण्डारी | २०७२/१०/११ | हालसम्म |

**पेफा सचिवालय सदस्य सचिव:**

| | | | |
|---|---|---|---|
| १ | श्री बाबुराम श्रेष्ठ | २०६५/४ | २०६९/१/३० |
| २ | श्री सुवासचन्द्र सिवाकोटी | २०६९/२/१ | २०६९/६/३ |
| ३ | श्री हरिप्रसाद फुयाल | २०६९/६/६ | २०६९/१०/९ |
| ४ | श्री बाबुराम सुवेदी | २०६९/१०/१० | २०७२/२/२० |
| ५ | श्री भुवनप्रसाद काफ्ले | २०७२/२/२१ | २०७३/४/३२ |
| ६ | श्री मुरारी निरौला | २०७३/५/१ | हालसम्म |

**लेखा अधिकृतहरु**

१. श्री दामोदर खत्री २. श्री ज्ञानेन्द्रराज ओझा ३. श्री विष्णु निरौला
४.श्री प्रवेश ढकाल ५. श्री टोलेन्द्र कार्की ६.श्री अनुपमा कार्की
७. श्री सुरेशकृष्ण शर्मा ८. श्री पदम पौडेल ९.श्री पृथ्वीराज भुसाल
१०.श्री लक्ष्मी तिवारी ११ श्री प्रकाश गौतम १२. विद्या अधिकारी

## सुझाव, प्रतिक्रिया तथा सम्पर्कका लागि

**सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व सचिवालय**
**अनामनगर, काठमाण्डौ,**
**फोन नं. : ०१-४७७०७०६, ४७७०३८७**
**फ्याक्स नं. : ०१-४७७०७०६**

**Website: www.pefa.gov.np**
**E-mail: pefanepal@pefa.gov.np**
**facebook/pefanepal**
**twitter @pefanepal**